नगरपालिका
नगरपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**मिति: २०८०।१०।२८ गते, समय: ११:०० वजे दिनको, बैठक संख्या: ४६**

## कार्यपालिकाको वैठकका निर्णयहरु

**प्रस्ताव नं. १**: अघिलो बैठकका निर्णयहरुको समिक्षा।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

**प्रस्ताव नं. २**: नगर यातायात गुरु योजना (MTMP) सम्बन्धमा।

**निर्णय:** यस कार्यालयबाट तयार भएको नगर यातायात गुरुयोजना (MTMP) स्विकृत गरि लागु गर्ने।

**प्रस्ताव नं. ३**: वडा नं ७ को वडा कार्यालयको सहयोगीको अवकास रकम भुक्तानी।

**निर्णय:** यस नगरपालिकाको वडा नं ७ को वडा कार्यालयका सहयोगी श्री नरबहादुर ऐरीको मिति २०८०।८।१५ गते अनिवार्य अवकास भएकोमा साविकको स्थानीय स्वायत्त शासन ऐन २०५५ र तत् सम्बन्धि नियमावलि २०५६ अनुरुप अवकास सुविधा रकम उपलब्ध गराउनु पर्ने भई कार्यालयबाट प्रस्ताव पेश भएकोमा मिति २०६५।११ २९ गते कार्यकारी अधिकृत श्री धर्मानन्द जोशी ज्यूको अध्यक्षतामा बोड बैठक बसि द्धन्द्ध कालमा कार्यालयबाट विस्थापित भएका स्थायी कार्यालय सहयोगी श्री नरबहादुर ऐरीलाई विस्तापित अवधि २०६१ देखि २०६५ सम्म झण्डै ४ वर्षको अविधि सेवा गणना नहुने र आर्थिक सुविधा नदिने गरि २०६५ चैत्र १ गते देखि द्धन्द्ध पिडितको रुपमा पुर्न वहालि गरेको निर्णयलाई स्विकृत गरि बांकी अवधिको सेवा सुविधा रकम भुक्तानीकालागि कार्यालाई निर्देशन गर्ने।

**प्रस्ताव नं. ४**: अमरगढी ४ मा अवस्थित टुडिखेलको स्तरबृद्धि गर्ने।

**निर्णय:** यस नगरपालिकाको वडा नं ४ अवस्थित टुडिखेलको स्तरबृद्धि गर्न अनुमतिकोलागि नेपाली सेना श्री रणबम गण दह ब्यारेक डडेलधुरालाई अनुरोध गर्ने। उक्त टुडिखेलको स्तरबृद्धिकालागि परियोजना प्रस्ताव भारतिय दुतावसमा पेश गर्न श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाण्डौंमा प्रेशित गर्ने।

**प्रस्ताव नं. ५**: अध्ययन अवलोकन भ्रमण सम्बन्धमा।

**निर्णय:** यस नगरपालिकाका पदाधिकारी लगायत केही कर्मचारीहरुको संयुक्त टोली उत्कृष्ठ तथा नमुना अभ्यासको अभवलोकन अध्ययन भ्रमण गर्न पठाउने। सो अवलोकन भ्रमण किफायति रुपमा खर्च हुने गरि गर्ने।

**प्रस्ताव नं. ६**: राजश्व संकलनको सम्बन्धमा।

**निर्णय:** यस नगरपालिकाकाको वजार क्षेत्रमा राजश्व संकलनमा खटिएका कर्मचारीहरुलाई संकलन भएको रकमको सात प्रतिशत रकम थप सुविधा उपलब्ध गराउने।

**प्रस्ताव नं. ७**: शिविरको खर्च सम्बन्धमा।

**निर्णय:** काठमाण्डौं मेडिकल कलेजकोको सहयोगमा डडेलधुरा अस्पतालमा मिति २०८०।१०।२५ गते संचालन भएको स्वास्थ्य शिविरमा पाल्नु भएका विशेषज्ञहरु लगायतका अतिथिहरुको वसोवास तथा खाना खाजाहरुको विल रकम अधिकतम रु एक लाख पचास हजार भुक्तानी गर्ने।

**प्रस्ताव नं. ८**: डकुमेन्टी निर्माण सम्बन्धमा।

**निर्णय:** यस नगरपालिका भित्रको धार्मिक तथा पर्यटकिय क्षेत्र लगायत विकास निर्माण कार्यको श्रव्य दृष्य (डकुमेन्टी) निर्माण गर्न श्री परिवर्तनका लागि संचार समुह नेपाल अमरगढी ५, डडेलधुरासंग ३ लाखको सम्झौता गर्ने।

२०८०।१०।२८

प्रमख प्रशासकीय अधिकृत